**Project Update: July 2016**

**Project progress presented at the AASHA-NAST Regional Workshop**

I presented a poster of my project progress at the AASHA-NAST regional workshop which was held from 29th – 31st March 2016 at Kathmandu, Nepal. The workshop theme was "Economic Prosperity through Research and Development in Natural Products". Photos are attached with this report.






**Cardamom nursery development and distribution of cardamom sapling distribution**

The cardamom nursery was developed successfully and saplings were distributed on 23rd June 2016 at Sidin VDC of Panchthar district of Upper Mai Valley. One hundred and five farmers benefitted from this programme. These benefitted farmers are happy and motivated in the conservation of monkeys in their surrounding forests.












**Project progress published in national newspapers**

The project activities and progress were published in Nepali language in the national newspapers. News 1 published on 26th June, 2016 in the “Public Times”. News 2 was published on 27th June 2016 in the “Nagarik” national daily and the News 3 was also published in the “Nagarik” national daily on 27th July 2016. News are attached with the report.



पब्लिक टाइम्स । साहित्य वर्ष-४ । अंक-४१

# अलैंची तथा चिरौइतो बिरुवा बितरण

■ पब्लिक सम्वाददाता

पाँचथर/ पाँचथरको सिदिनमा फरक फरक निकायले स्थानीयहरुलाई अलैंची तथा चिरौतो बिरुवा बितरण गरेका छन ।

दिपज्योति युवा क्लबको सक्रियतामा दरुफर स्मल ग्रेन फाउण्डेशनको सहयोग तथा गोलबल पराईमेट नेटवर्कको आयोजनामा सिदिन १ को छिरुवा, दवाइपानी जैसी गाउं र चण्डे टोलका ८३ घरलाई ९५ हजार रुपैंया बराबरको अलैंची बिरुवा वितरण बितरण गरिएको थियो ।

यसै गरी जिल्ला विकास समिती पाँचथरको सहयोगमा जडीबुटी संरक्षण प्रवर्दन तथा खेती बिस्तार तालिमको आयोजना गरी स्थानीयहरुलाई चिरौइतो बिउ बितरण गरिएको थियो । कार्यक्रममा सिदिन १ को सामुदायिक संस्था हिम शिखर सा स, सगर माथा सा स र अमरजोति का गरी ६० घर परिवारलाई पुग्ने गरी चिरौइतो बिउ बितरण गरिएको थियो दिपज्योति क्लब सिदिनका अध्यक्ष सुरेन्द्र राईको अध्यक्षतामा सम्पन्न सो कार्यक्रमको औचित्य बारेमा दिपज्योति युवा क्लबका कार्यकारी अधिकृत सुनिल बान्तवाले प्रकाश पार्नु भएको थियो ।



# किसानलाई जडीबुटी खेती तालिम

पाँचथर, असार १३ (नागरिक)-उच्चपहाडी क्षेत्रका किसानलाई जडीबुटी खेती प्रवर्द्धनका लागि तालिम दिइएको छ। स्थानीय दीपज्योति युवा समूहले जिविसको सहयोगमा तालिमसँगै बीउसमेत वितरण गरेको हो। यहाँका विभिन्न समूहका किसानलाई चिराइतोलगायत जडीबुटीको बीउ वितरण गरिएको छ। ३५ परिवारलाई बीउ वितरण गरिएको क्लबका कार्यकारी निर्देशक सुनील बान्तवाले बताए। क्लबले सिदिनमा ३ हजार १ सय अलैंचीका बिरुवा पनि किसानलाई वितरण गरेको छ। प्रतिघर ३० वटाका दरले १ सय ५ लाई बिरुवा प्रदान गरिएको हो।

# अन्नबाली जोगाउन अलैंची खेती

**नागरिक संवाददाता**

*पाँचथर, साउन ११*

लेकाली क्षेत्रमा पहरे बाँदरबाट बालीनाली जोगाउन जिल्लाका सीमावर्ती सिदिन र प्राङ्बुङ क्षेत्रमा गान्टेमूला र अलैंची खेती विस्तार गरिएको छ। जिल्लाको सीमावर्ती तथा उच्च पहाडी क्षेत्रमा पर्ने सिदिन र प्राङ्बुङमा बालीनालीको सिजनमा बाँदरले दुःख दिन थालेपछि त्यसबाट बच्न यस्तो उपाय निकालिएको हो।

स्थानीय दीपज्योति युवा क्लब र ग्लोबल प्राइमर नेटवर्कले स्फोर्ड नामक संस्थाको सहयोगमा स्थानीयस्तरमा बीउ वितरण साथै स्थानीयलाई सचेतनासमेत दिएको छ। यहाँको लेकाली क्षेत्रमा गान्टेमूलाको खेती विस्तार र रोग-किराले मासिएको अलैंची खेती पुनः फैलाउन बीउ, बिरुवा वितरण गर्ने तथा वैकल्पिक खेतीतर्फ किसानलाई आकर्षित गर्न यस्तो अभियान थालेको क्लबका निर्देशक सुनील बान्तवाले बताए।

किसानको अन्नबाली पनि जोगाउने तथा बाँदरको पनि संरक्षण गर्ने योजनाअनुरूप स्थानीयलाई सचेतना दिइएको उनले जानकारी दिए। बाँदरले बर्सेनि किसानको बालीनाली सखाप पारिदिने र त्यसपछि गाउँलेले बाँदर खेद्ने-मार्ने गरेकाले यस्तो कार्यक्रम सुरु गरिएको क्लबले जनाएको छ। क्लबका अनुसार, यसवर्ष स्थानीयलाई ३ किलो गान्टेमूलाको बीउ वितरण गरिएको छ। चिनको तिब्बतबाट ल्याइएको बीउ प्रतिकिलो १८ हजार रुपैयाँ पर्ने बान्तवाले बताए।



बीउ यहाँका १ सय ६० परिवारलाई वितरण गरिएको हो। स्थानीय बजार, छिमेकी भारतका सीमावर्ती क्षेत्रमा गान्टेमूला राम्रो मूल्यमा बिक्री गर्न सकिन्छ।

त्यस्तै, यहाँ ३ हजार १ सय अलैंचीका निरोगी बिरुवासमेत वितरण गरिएको छ। सय परिवारले ३० बटाका दरले निरोगी अलैंचीको बिरुवा पाएका हुन्। बिरुवा वितरणक्रममा बाँदर र मानिसबीच कसरी सम्बन्ध सुधार्न सकिन्छ भन्ने विषयमा पनि स्थानीयस्तरमा छलफल गरिएको जनाइएको छ। नयाँ तरिकाबाट अलैंची खेती विस्तार गरिएसँगै अब बालीनालीको सिजनमा बाँदरले बालीनाली नष्ट गर्ने गाउँलेले रातभरि रुँघेर बस्नुपर्ने बाध्यताको स्थानीय किसानले आशा लिएका छन्।